# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (एकसट्ठीऔं बैठक)

# कार्यबाहीको सम्पूर्ण विवरण

# मिति : २०७७।०६।२५ गते

माननीय सदस्यहरू, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, सर्वप्रथम शून्य समय प्रारम्भ हुन्छ । शून्य समयमा बोल्न चाहनुहुने माननीय सदस्यहरुका लागि एक मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाइ राख्नु हुन अनुरोध गर्दछु ।

**माननीय बिष्णुप्रसाद लामिछाने, नवलपरासी**

**सभामुख महोदय,** हालै परेको अविरल वर्षाको कारण नवलपुर जिल्लाको उत्तर-दक्षिण जोड्ने मार्ग, जुन मार्ग हुँदै बौद्धिकाली र कुरिनटार दुईवटा गाउँपालिकामा आवतजावत हुन्छ र खाद्यान्न ढुवानी पनि त्यहीबाट हुन्छ । पहिरोको कारणले अवरोध भएको छ । त्यसैले दसैं नजिक आइराखेको छ त्यहाँका दुईटा गाउँपालिकाका जनता आवतजावत र खाद्यान्न ढुवानीमा पनि समस्या परेको हुँदा माननीय सभामुख महोदयमार्फत् सरकारको ध्यानाकषर्ण गर्न चाहन्छु । त्यस्तै नवलपुर जिल्लाकै गैडाकोट नगरपालिका वडा नं. १८ मा रहेको प्रदेश मार्ग जहाँ अविरल वर्षाका कारणले धेरै रुखहरु ढलेका छन् ती रुखहरु नहटाउँदा त्यहाँ अन्य काम गर्न पनि समस्या भएको छ त्यसैले यथाशीघ्र ती ढलेका रुखहरुको

व्यवस्थापन गर्न र प्रदेश मार्ग जुन उत्तर दक्षिण जोडिन्छ त्यो मार्गलाई काम गर्ने वातावरण बनाउनका लागि माननीय सभामुखमार्फत् सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउछु । धन्यवाद ।

**माननीय सदस्यज्यूहरु** शून्य समयमा बोल्ने माननीय सदस्यज्यूहरुको बोल्ने क्रम यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,** अब विशेष समय प्रारम्भ हुन्छ । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

**सर्वप्रथम माननीय सदस्य श्री राजीव पहारी, समय ७ मिनेट ।**

**माननीय सभामुख महोदय,** कोरोना महामारीको कारणले हरेक क्षेत्रलाई गम्भिर असर पारेको छ । अझ त्यसमा पनि पर्यटन, यातायात र शैक्षिक क्षेत्रलाई त थलाथला पारेको अवस्था छ । सरकारले नेपाल राष्ट्र बैंकमार्फत ल्याएको मौद्रिक नीतिले चहऱ्याइरहेको घाउमा केही हल्का मलम लगाउने काम गरे पनि तङ्ग्रिने अवस्था अझै पनि पुगेको छैन । मौद्रिक नीति त आयो तर यसको प्रभावकारी कार्यान्वयन नुहुँदा वा गर्नुपर्ने निकायहरुले नगरिदिँदा बैंकका धम्कीहरु फेरि पनि व्यवसायीहरुका मोवाइलमा बज्न थालेका छन् । मौद्रिक नीतिलाई प्रभावकारी कार्यान्वयन गर्न प्रदेश सरकारले संघ र राष्ट्रबैंकसँग आवश्यक पहल गरी नीतिलाई कार्यान्वययन गर्नका लागि म सम्बन्धित निकायमा पहल गर्न प्रदेश सरकारको गम्भिर रुपमा ध्यानआकृष्ट गराउन चाहन्छु । र त्यसै दशकै ठूलो क्याम्पसका रुपमा रहेको क्याम्पस पृथ्वीनारायण क्याम्पस, जुन क्याम्पसमा आधा भन्दा बढी शिक्षकहरु पार्टटाइम हुनुहुन्छ, ज्यालादारी हुनुहुन्छ, त्यो पृथ्वीनारायण क्याम्पस जुन देशकै ठूलो क्याम्पस हो । जुन संस्था स्थापना भएको आज ६० वर्ष भन्दा पूरा भएको छ । यो ६० वर्षको अवधिमा त्यस क्याम्पसले राज्यको नीति निर्माण तहदेखि राज्य र समाजका सबै अंगहरुमा हजारौं हजार दक्ष र कुशल जनशक्ति उत्पादन गरिसकेको छ । एक अर्थमा यो क्याम्पसले देशको विकास र संवृद्धिको दिशातर्फ अगाडि बढ्न ठूलो टेवा पुऱ्याइ रहेको छ । आज हामी यो सम्मानित सभामा जो जति माननीयहरु छौं, हामो सर्वाङ्गीण विकास र नेतृत्व निर्माणमा पनि पृथ्वीनारायण बहुमुखी क्याम्पसको अत्यन्त ठूलो योगदान रहेको

छ । तर त्यो क्याम्पसमा अहिले पार्टपाइम ज्यालादारी शिक्षकहरु जो विगत १५ वर्षदेखि ज्यालादारी भएर काम गरिरहनु भएको छ । पृथ्वीनारायण क्याम्पसमा कुल शिक्षक संख्या ५४० मा १९९ जना पार्टटाइम टिचरहरु हुनुहुन्छ । अहिले पृथ्वीनारायण क्याम्पसको ७५ प्रतिशत लोड, पढाइको लोड तिनै पार्टटाइम टिचरहरुले धानीरहेको अवस्था छ । तर तिनै पार्टटाइम टिचरहरु आन्दोलनमा हुनुहुन्छ । उहाँहरुको मुख्य माग भनेको विगतमा राज्यसँग, सरकारसँग भएका सम्झौताहरुको प्रभावकारी कार्यान्वयन हुनु पर्‍यो भन्ने हो । विगतमा गिरिजाप्रसाद कोइराला, पुष्पकमल दाहाल, शेरबहादुर देउवा, माधवकुमार नेपाल प्रधानमन्त्री हुँदा उहाँहरुको सरकारसँग उहाँहरुको पटक-पटक सम्झौता भयो । तर प्रभावकारी ढंगबाट कार्यान्वयन हुन सकेको छैन । र अहिले पृथ्वीनारायण क्याम्पसमा १४० जना शिक्षकहरुको दरबन्दी रिक्त छ, कोहीको मृत्यु भइसकेको, कोही अवकास भइसकोको अवस्था छ । नेपाल सरकारले त्यो १४० जना दरबन्दीको रकम पनि त्रिभुवन विश्वविद्यालयलाई पठाउँछ तर त्रिभुवन विश्वविद्यालयले पृथ्वीनारायण क्याम्पसलाई दरबन्दीको रकम पठाउँदैन र अहिले मैले यहाँ जोड दिन खोजेको कुरा केहो भने माननीय सभामुख महोदय, जुन सरकारसँग जे जस्तो पार्ट टाइम टिचरहरुको सम्झौता भएको छ त्यसलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्नका निम्ति प्रदेश सरकारले संघ सरकार र सम्बन्धित निकायसँग समन्वय र आवश्यक सहकार्य गर्न आवश्यक छ नत्र पृथ्वीनारायण क्याम्पसको भविष्य नै अन्धकारको बाटोतर्फ बढ्ने हो कि भन्ने स्थित रहेको छ । मैले यो ध्यानआकृष्ट गराउन चाहन्छु ।

**माननीय सभामुख महोदय,** अहिले तपाईं हाम्रो घरमा आँगनमा, नेपालीहरुको घर आँगनमा महान् चाड दसैं, तिहार, छठ, नेपल सम्वतलगायतका चाडपर्वहरु प्रवेश गरिसकेको अवस्था छ । र यो बेलामा खास गरेर जनतालाई दैनिक आवश्यक पर्ने चिजहरुमा कृतिम मूल्यवृद्धि गर्ने, कालाबजारी गर्ने अनि विभिन्न नाममा कृतिम अभाव खडा गर्ने प्रवृत्ति बढ्ने अवस्था पनि हुन्छ । तसर्थ प्रदेश सरकारले स्थानीय सरकार र राज्यका अन्य अङ्गहरुसँग समन्वय गरेर अनुगमन गर्ने र दोषीहरुलाई कडा भन्दा कडा कारवाही गर्ने र जनताका दिनानुदिन आवश्यक कुराहरुलाई सहज ढंगबाट उपलब्ध गराउने खालको व्यवस्था मिलाउन पनि म सभामुखमाफत सरकारको ध्यानआकृष्ट गराउन चाहन्छु ।

यस्तै, गण्डकी प्रदेश सरकारको राजधानी हो पोखरा । पोखरा प्राकृतिक रुपमा अत्यन्त सुन्दर छ, भौतिक रुपमा पनि यसलाई सुन्दर र आकर्षक बनाउन अवश्यक छ । तसर्थ पोखराका मुख्य-मुख्य चोकहरु र मुख्य-मुख्य ठाउँलाई सौन्दर्यीकरण गर्नको निम्ति प्रदेश सरकारले आगामी वर्षको योजनामा ती कार्यक्रमहरुलाई पारोस् । जस्तै तपाईं हामी सिक्किम गऱ्यौं भने त्यहाँ एमजी रोड भन्ने महात्मा गान्धी रोड त्यो सिक्कीम जाने हर कोही व्यक्ति पनि त्यो एमजी रोड जान्छ । त्यस्तै मान्छे गण्डकी प्रदेशमा आइसकेपछि गण्डकी प्रदेशको राजधानी पोखरा आइसकेपछि एउटा त्यस्तो ठाउँ हामीले बनाऔं जुन ठाउँमा बाहिरबाट आउने चाहे आन्तरिक चाहे बाह्य पर्यटक हुन त्यहाँ घुम्न वा रम्नको निम्ति जाने खालको त्यस्तो हामीले प्रदेश सरकारले बनाऔं । यो प्रदेश सरकार हामी प्रदेशका माननीयहरु भनेको संस्थापक हामीहरु संस्थापक व्यक्तिहरु हो पात्रहरु हो तसर्थ अबको कार्यक्रममा, बजेटमा यो पोखराको सौन्दर्यीकरणको निम्ति कसरी यसलाई आकर्षित गर्न सकिन्छ ती कुराहरुमा पनि प्रदेश सरकारको ध्यानआकृष्ट गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सदस्य श्री बिन्दुकुमार थापा, समय ६ मिनेट ।**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश अन्तर्गतका स्थानीय तथा प्रदेशस्तरमा गठन हुन लागेका विभिन्न प्रतिष्ठान एवम् विकास बोर्ड सम्बन्धी अवधारणा, प्रक्रिया र पुराना नजिरहरुका विषयमा यस सम्मानित सभामा केही विषयहरु राख्ने अनुमति चाहन्छु । हाल गठनको क्रममा रहेका प्रतिष्ठान तथा बोर्डहरु, गण्डकी प्रज्ञा प्रतिष्ठान जो विधेयक आइसकेको छ यो सिफारिस समिति गठनको प्रक्रियामा हुनुपर्छ भन्ने हाम्रो अनुमान छ । चलचित्र विकास बोर्ड गण्डकी प्रदेश, पोखरा प्रज्ञा प्रतिष्ठान महानगरस्तरीय जुन अहिले विवादित बनेको पनि छ । नेपाली काँग्रेसको शुभेच्छुक भातृसंस्था नेपाल सांस्कृतिक संघले २०७७ असोज २२ मा महानगरपालिकाका प्रमुखलाई ध्यानआकषर्ण पनि गराइसकेको अवस्था छ । यो पोखरा प्रज्ञा प्रतिष्ठानमा नेपाल कम्युनिष्ट पार्टी अन्तर्गत पनि भागवण्डाको हिसाबले हाम्रो यही गण्डकी प्रदेशका माननीयका एक जना छोरा पनि त्यो भागवण्डाको हिसाबले त्यहाँ पर्न सक्नु भएको छ । म उहाँलाई बधाई पनि दिन चाहन्छु । त्यस्तै गरेर चलचित्र जाँचपास बोर्ड सेन्सर बोर्ड गण्डकी प्रदेश ।

सभामुख महोदय म यसभन्दा अगाडि गठन भएको प्रतिष्ठान तथा बोर्डसम्बन्धी केही नजिर प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

लोकतन्त्रको स्थापनापछि नेपाली काँग्रेसको तत्कालीन सरकारले नेपालमा केन्द्रीयस्तरको प्राज्ञिक समिति गठन गर्ने क्रममा प्रज्ञा प्रतिष्ठान, नेपाल संगीत नाट्य प्रज्ञा प्रतिष्ठान, र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान तत्कालीन संस्कृति मन्त्री डा. मिनेन्द्र रिजालको नेतृत्वमा गठन भएको थियो । २०६७ सालमा गठित यी प्रतिष्ठानहरुमा सम्पूर्ण अधिकार आफूमा हुँदाहुँदै पनि प्रतिपक्षी दलको एवम् राजनीतिक सहमतिको महत्वलाई ध्यानमा राखी तीनवटै प्रतिष्ठानमा तत्कालीन प्रतिपक्षी दल नेकपा एमालेबाट पनि प्रतिनिधित्व हुने गरी प्राज्ञ सभा गठन गरिएको थियो । जसको उदाहरण संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा कुलपति नेपाली काँग्रेसकातर्फबाट अमर गुरुङजी हुनुहुन्थ्यो भने उपकुलपति प्रचण्ड मल्ल, प्राज्ञ सदस्य कविता आले र मिथिला शर्माको न्युक्तिले स्पष्ट पार्दछ । र उहाँहरु साविक नेकपा एमालेमा आवद्ध हुनुहुन्थ्यो । यसरी प्राज्ञिक क्षेत्रलाई बौद्धिक, सक्षम, समावेशी र उपलब्धिमुलक बनाउनुपर्छ भन्ने अवधारणालाई वर्तमान गण्डकी प्रदेश अन्तर्गत गठन हुन लागेका माथि उल्लेखित प्रतिष्ठानहरुमा नेकपाको सर्वपक्षीय सहमति विरोधी सोच र एकात्मकवादी कार्यशौलीले प्रदेशको बौद्धिक क्षेत्र, सांस्कृतिक क्षेत्र, साहित्यिक क्षेत्र तहसनहस हुँदैछ । त्यती मात्रै नभएर यी बौद्धिक र प्राज्ञिक प्रतिष्ठानलाई नेकपाको भातृसंस्थाको रुपमा कार्यकर्ताहरुको भर्ती केन्द्रको रुपमा गठन गर्ने र प्रयोग गर्न खोज्ने यो गलत नियतलाई तत्काल रद्द गरी प्राज्ञ छनौट समिति समावेशी र सर्वपक्षीय प्राज्ञिक थलोको रुपमा स्थापित गर्नुपर्छ भन्ने हाम्रो माग हो । सभामुख महोदय, अतः निचोडमा म के भन्न चाहन्छु भने यस प्राज्ञिक थलोलाई बौद्धिक एवम् वैचारिक थलोको रुपमा मर्म अनुसार गठन गरियोस् धन्यवाद ।

जय नेपाल !

**माननीय सदस्य श्री मनिभद्र शर्मा समय ३ मिनेट**

**माननीय सभामुख महोदय,** सरकारले पालिकाहरुलाई निर्देशन गर्छ, विद्यालयमा जुन-जुन विद्यालयमा विद्यार्थी संख्या कम छन् ती विद्यालयहरुलाई गाँभिने प्रक्रिया पूरा गराउन कडा निर्देशन जारी गर्छ । र विद्यालय गाभिन्छन् र गाभिँदा एउटा

सर्त राखिएको हुन्छ । प्राइमरी शिक्षा विद्यालय अर्को विद्यालयमा गाँभियो भने त्यो जुन विद्यालयमा गाभिन आउँछ त्यो विद्यालयले प्राइमरी तहमा १-३ सम्म २५ लाख, १-५ मा ४० लाख, १-८ मा ५० लाख,   र मावि तहमा ६० लाख दिने भन्ने उद्दी जारी भएको हुन्छ त्यस्तै गरेर संस्थागत विद्यालयहरु गाँभिन आए भने १-५ लाई २०, १-८ लाई २५  र मावि तहको गाँभिन आएमा ३० लाखको दरले स्कुलले पैसा पाउँछ भनेर गाँभिने प्रक्रिया पूरा गर्छन् तर अहिले पैसा छैन भनेर ती विद्यालयहरु एकदमै तहसनहस भएको अवस्था छ त्यसमा माननीय सभामुखमार्फत् सम्बन्धित निकायको ध्यानाकर्षण गर्न चाहन्छु । शिक्षाक्षेत्र त्यसै कोरोनाले तहसनहस भएको थियो राज्यले प्राइमरी, मावि तहका शिक्षामा उपेक्षा गरिरहेको थियो अझ फेरि अर्को उपेक्षा थपेर अरु तहसनहस बनाउने काम भएको छ । र यसमा गम्भिर रुपमा सम्बन्धित निकायको ध्यानाकर्षण होस् भन्ने माग गर्दछु । यस्तै गरेर नेपालमा सबै शहरहरुमा विदेशबाट महंगा-महंगा रक्सीहरु झिकाएर सजाइएको छ । स्वदेशी रक्सीहरु पनि महंगा-महंगा रक्सीहरु सजाइएको छ तर लोक्कल रक्सी बनाउनेहरुलाई दण्डा लाएर अहिले कुटिँदै छ । त्यसो हुनाले लोक्कल रक्सी बनाउने हाम्रो जनजाति बाहुल्यता भएको क्षेत्रमा एउटा सांस्कृतिक बाध्यता पनि छ आफ्ना चाडपर्व रीतिरिवाजलाई चलाएर लिएर जानका लागि भने अर्कोतर्फ विदेशी रक्सी यहाँ खुलमखुला बिक्री गर्न दिने, स्वदेशी महंगा रक्सी पनि बिक्री गर्न दिने तर गाउँले प्रविधिले बनाएका परम्परागत प्रविधिले बनाएका उत्पादनलाई बिक्री वितरण गर्न उत्पादन गर्न नदिने कुरायो न्यायोचित भएन । त्यसो हुनाले लोक्कल रक्सीलाई कानूनी दायरामा ल्याएर, करको दायरामा ल्याएर, सामान्य विधि प्रक्रिया पुऱ्याएर त्यसको उत्पादन र बिक्री वितरण गर्न पनि दिनुपर्छ । जबकि अरु रक्सी यहाँ ठूला-ठूला लाइसेन्स लिएका रक्सी उद्योगहरुले कच्चा पदार्थ खाद्यवाली नै प्रयोग गर्दा रहेछन् । उनीहरुलाई छुट हुने र यी जनता जो आफ्नो रीतिरिवाज पनि बचाउने र सानो-सानो रोजगारी पनि चलाउनेलाई प्रतिबन्धलगाउने कुरा यो न्यायोचित भएन यसको पनि सम्बन्धित निकायमा ध्यानाकर्षण होस् भन्दै माननीय सभामुखज्यूमार्फत माग गर्दछु । धन्यवाद, जयनेपाल !

**माननीय सदस्य श्री मेखलाल श्रेष्ठ, समय ३ मिनेट**

माननीय सभामुख महोदय हामीले व्यवस्था परिवर्तन त गर्‍यौं तर व्यवहार परिवर्तन अहिलेसम्म गर्न सकेका छैंनौं । त्यसको ज्वलन्त उदाहरण यो सिद्धार्थ हाइवे धेरै विकट ठाउँबाट धेरै पुरानो बाटो भनेको छ । त्यहाँ धेरै अहिले यातायातका साधनहरु गुड्नका लागि अप्ठ्यारो भइरहेको परिस्थितिमा केन्द्रीय सरकारले इन्डियाको एक्जिडङ पिडमार्फत् यो पोखरामा बनेको क्षेत्रीय अन्तर्राष्टिय अस्पताल र भैरहवामा बनेको गौतमबुद्ध अन्तर्राष्ट्रिय अस्पताललाई जोड्नको लागि पनि त्यो बाटोहरु चाडो भन्दा चाडो फराकिलो गर्नुपर्नेमा अहिले ठाउँठाउँमा मोडहरु कटिङ सुरु भएको छ । त्यो मोडहरु कटिङ गर्नु अत्यन्त राम्रो कुरा हो त्यसले पनि बाटोमा गाडीहरुलाई दुर्घटना हुनबाट र केही गाडीहरु गुड्नका लागि सहज वातावरण सिर्जना गर्छ तर त्यो मोड काट्ने सिलसिला पनि कस्तो शुरु भएको छ भन्नुहुन्छ भने म सभामुख महोदयमार्फत म आग्रह गर्न चाहन्छु प्रदेश सरकारमार्फत केन्द्रीय सरकारलाई । स्थानीय तहमा कुन सरकार छ ? त्यो स्थानीय तहमा केन्द्रीय नेकपाको सरकारको लिगेसी स्थानीय तहको सरकार छ भने उसको क्षेत्रभित्र मोडहरु सुधार गर्ने, मोडहरु काट्नको लागि विनियोजित बजेट हुने तर केही प्रतिपक्ष दलका साथीहरुले स्थानीय तह जितेका छन् भने त्यहाँ अप्ठ्यारो मोडहरु पनि, जहाँ अत्यावश्यक छ ती मोडहरु काट्नका लागि भन्दा, हामीले सिफारिस गर्दा पनि ढिलासुस्ती गर्ने, गर्दिन्छु भन्ने नगर्ने एउटा परम्परा शुरु भएको छ । त्यसलाई म प्रदेश सरकारमार्फत जहाँ आवश्यकता छ, जहाँ औचित्य छ त्यहाँ जरुरी छ । त्यहाँ जो सुकै सरकार स्थानीय सरकार भए पनि त्यो हाइवे केन्द्रीय सरकारको हो र सबै नेपाली जनताको हो । त्यसमा मोड सुधार गर्नका लागि पक्षपात गर्नु हुँदैन । कुनै पनि नीति, विधेयकहरु बनाउँदा बनाएर मात्रै हुँदैन सभामुख महोदयमार्फत त्यसलाई चाडो भन्दा चाडो कार्यान्वयना ल्याउनु पदर्छ हामीहरुले विधेयकहरु बनाएका छौं । जस्तै यातायात विधेयक बनाएका छौं । नियम कानून बनाएका छौं । जस्तै हामीले विभिन्न याजनाहरु बनाएका छौं । होमस्टे जस्ता योजनाहरु धेरै ठाउँमा हामीले दियौं तर त्यो कार्यान्वयन भएको छैन । होमस्टेमा खाली सिरक र तन्ना किन्ने काममात्र भएको छ । यातायातमा सिण्डीकेट अझै सम्म पनि लागू भइरहेको छ । यसलाई चाँडो

भन्दा चाडो प्रदेश सरकारले के कारणले कार्यान्वयन नभएको हो ? कार्यान्वयनको दिशामा अग्रसर होस् भन्ने माग राख्दै आफ्नो भनाई अन्त गर्दछु धन्यवाद ।

जय नेपाल !

**माननीय सदस्यहरु विशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ ।**

माननीय सदस्यहरु, अब म मिति २०७७ साल असोज १६ गतेको सभाको बैठकमा प्रस्तुत भई २०७७ साल असोज १८ गते बसेको सभाको बैठकबाट दफाबार छलफलका लागि विधायन समितिमा पठाइएको प्रदेश कृषि व्यवसाय प्रवर्द्धनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदनसहितको विधेयक सभा समक्ष प्रस्तुत गर्न सो समितिका सदस्य माननीय श्री कृष्णचन्द्र नेपाली पोखरेललाई अनुमति दिन्छु ।

**माननीय सभामुखज्यू,** मिति २०७७ साल असोज १८ गते बसेको यस सभाको बैठकको निर्णय अनुसार दफाबार छलफलका लागि विधायन समितिमा पठाइएको प्रस्तुत प्रदेश कृषि व्यवसाय प्रवर्द्धनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा छलफल गर्दा मिति २०७७ साल असोज २३ गते र २४ गते समितिको बैठक सबेको थियो । समितिको बैठक समितिका ज्येष्ठ सदस्य माननीय कृष्णचन्द्र नेपालीको अध्यक्षतामा बसेको थियो । समितिमा माननीय सदस्यहरु आशा कोइराला, चन्द्रबहादुर बुढा, धनञ्जय दवाडी, धनमाया पोखरेल लामा, पियारी थापा, मणिभद्र शर्मा, मनबहादुर गुरुङ, राजीव पहारी, ललीतकला गुरुङ, विष्णुप्रसाद लामिछाने, माननीय आन्तरिक मामिला तथा कानून मन्त्री हरिबहादुर चुमानममेतको उपस्थिति रहेको थियो । साथै समितिको बैठकमा माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री लेखबहादुर थापा मगरलाई पनि आमन्त्रण गरी छलफल गरिएको थियो । यस प्रकार विभिन्न मितिमा समितिको बैठक बसी व्यापक छलफल गरी सबैको राय र परामर्शसमेतलाई समावेश गरी प्रस्तुत विधेयकका सम्बन्धमा सर्वसम्मतबाट निर्णय भए बमोजिम संलग्न

संशोधनसहितको प्रतिवेदन गण्डकी प्रदेश सभा नियमावली २०७४ को नियम ११९ बमोजिम सम्मानित सभा समक्ष पेश गर्दछु कृष्णचन्द्र पोखरेल । धन्यवाद ।

**माननीय सदस्यहरू अब यो बैठक २०७७ साल असोज २६ गते दिनको १ बजेसम्मलाई स्थगित हुन्छ ।**